# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, कात्तिक ४ गते २०३३ साल [ अतिरिक्ताङ्क २५ (क)


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ३३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

689

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) दफा ५ र ६, २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०२६ मा दफा २ क. थपः सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ पछि देहायको दफा २ क. थपिएको छः–

"२ क. उमेरको गणनाः संविधानको धारा ६९ को उप-धारा (२क) को प्रयोजनको लागि प्रधान न्यायाधीश वा अन्य न्यायाधीशको उमेरको गणना देहाय बमोजिम हुनेछः–

(क) नोकरीमा प्रवेश गरेको बेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर,

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखिदिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. निवासस्थान तथा अन्य सुविधाः (१) सर्वोच्च अदालत अवस्थित भएको ठाउँमा उपयुक्त निजी घर नहुने प्रधान न्यायाधीशको बसोवासको निमित्त श्री ५ को सरकारले सज्जित निवासस्थानको बन्दोवस्त गरिदिनेछ ।

तर, निवासस्थानको निमित्त सरकारी घर उपलब्ध नभई गैर–सरकारी घर बहालमा लिनु परेमा मासिक एक हजार रूपैयाँमा नबढ्ने गरी सो बहालको रकम श्री ५ को सरकारले व्यहोर्नेछ ।

682

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सर्वोच्च अदालत अवस्थित भएको ठाउँमा निजी घर नहुने न्यायाधीशले बसोवासको निमित्त गैर–सरकारी घर बहालमा लिएमा मासिक तीन सय रूपैयाँमा नबढ्ने गरी बहालको रकम श्री ५ को सरकारले व्यहोर्ने छ।

(३) श्री ५ को सरकारले प्रधान न्यायाधीश र न्यायाधीशको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले संचयकोष कट्टा गरी सो कट्टी रकममा शतप्रतिशत थप गरी संचयकोषमा जम्मा गरी दिनेछ।

(४) प्रधान न्यायाधीशलाई सवारी निमित्त ड्राईभर सहितको मोटर सुविधा दिइनेछ।

(५) न्यायाधीशलाई आवासमा एक सेट टेलिफोन राख्न जडान खर्च र धरौटी बापत लाग्ने न्यूनतम रकमको सुविधा दिइनेछ। टेलिफोनको अनिवार्य शुल्कको पचहत्तर प्रतिशत श्री ५ को सरकारले व्यहोर्ने छ।"

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. दैनिक तथा भ्रमण भत्ता र बीमा खर्चः प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो ओहदासम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा निजलाई देहायका दरले भत्ता र बीमा खर्च दिइनेछः–

(क) दैनिक भत्ताः एक दिनको पारिश्रमिकको आधा।

(ख) भ्रमण भत्ताः हवाईजहाजबाट भ्रमण गर्दा एक जनालाई लाग्ने भाडा, रेल वा बसबाट भ्रमण गर्दा डेढ जनालाई लाग्ने पहिला दर्जाको भाडा, अरू सवारीबाट भ्रमण गर्दा त्यस सम्बन्धमा लाग्ने टिकट खर्च तथा ज्याला र पैदल हिड्नु पर्दा प्रतिकोश पाँच रूपैयाँ।

(ग) बीमा खर्चः हवाईजहाजबाट भ्रमण गर्दा दुईलाख रूपैयाँको बीमा खर्च।"

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. निबृत्तभरण र उपदानः (१) कुनै व्यक्ति प्रधान न्यायाधीश वा न्यायाधीश पदमा नियुक्त भई सो पदबाट अवकाश प्राप्त गरेपछि निजले देहाय बमोजिमको निबृत्तभरण वा उपदान पाउनेछः–

(क) प्रधान न्यायाधीश वा न्यायाधीश पदमा वा सो दुवै पदमा गरी दश वर्ष सेवा अवधि पूरा गरिसकेको भए प्रधान न्यायाधीशले आठ सय पचास रूपैयाँ र न्यायाधीशले आठ सय रूपैयाँ मासिक निबृत्तभरण।

653

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दश वर्ष सेवा अवधि पूरा गरिसकेको नभए पूरा गरेको जम्मा वर्ष संख्यालाई निजले पाई आएको डेढ महीनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने अङ्क बराबरको एकमुष्ठ रकमको उपदान ।

(२) श्री ५ को सरकारको सेवामा बहाल रहेको वा बहाल गरिसकेको कुनै व्यक्ति प्रधान न्यायाधीश वा न्यायाधीश पदमा नियुक्त भई सो पदबाट अवकाश प्राप्त गरेपछि निजले देहाय बमोजिमको निवृत्तभरण वा उपदान पाउनेछः–

(क) प्रधान न्यायाधीश वा न्यायाधीश पदमा वा सो दुबै पदमा गरेको से[वा] अवधिमा निजले श्री ५ को सरकारको सेवामा गरेको कुल सेवा अवधिलाई आधा गरी हुन आउने अवधि जोड्दा दश वर्ष सेवा अवधि पूरा भए प्रधान न्यायाधीशले आठ सय पचास रूपैयाँ र न्यायाधीशले आठ सय रूपैयाँ मासिक निवृत्तभरण ।

(ख) खण्ड (क) बमोजिम हिसाब गर्दा दश वर्ष सेवा अवधि पूरा नभए पूरा भएको जम्मा वर्ष संख्यालाई निजले पाइआएको डेढ महीनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने अङ्क बराबरको एकमुष्ठ रकमको उपदान ।

तर, अघि श्री ५ को सरकारको सेवा गरे बापत निवृत्तभरण पाइरहेको व्यक्तिले प्रधान न्यायाधीश वा न्यायाधीश पदमा सेवा गरे बापत यस खण्ड बमोजिमको उपदान पाउनेछैन ।

(३) श्री ५ को सरकारको सेवा गरे बापत उपदान पाइसकेको कुनै व्यक्ति प्रधान न्यायाधीश वा न्यायाधीश पदमा नियुक्त भएमा निजले त्यसरी नियुक्त भएको एक वर्षभित्र आफूले अघि पाएको उपदानको पूरा रकम फिर्ता गरेमा मात्र निजले श्री ५ को सरकारको सेवामा गरेको सेवा अव[धि] उप-दफा (२) बमोजिम जोडिनेछ ।

(४) यस दफा बमोजिम पाउने उपदानको रकम प्रधान न्यायाधीशको हकमा पैंतीस हजार रूपैयाँ र न्यायाधीशको हकमा पच्चीस हजार रूपैयाँ-भन्दा बढी हुनेछैन ।

(५) यस दफाको प्रयोजनको लागि अतिरिक्त न्यायाधीशको पदबाट प्रधान न्यायाधीश वा न्यायाधीश पदमा नियुक्त भएका व्यक्तिले गरेको सेवा अवधि गणना गर्दा अतिरिक्त न्यायाधीश भई गरेको अटूट सेवा अवधिको समेत गणना गरिनेछ ।

658

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) श्री ५ को सरकारबाट निबृत्तभरण पाइरहेको व्यक्ति प्रधान न्यायाधीश वा न्यायाधीश पदमा नियुक्त भई यस ऐनबमोजिम पनि निबृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाइरहेको निबृत्तभरण र यस ऐनबमोजिम पाउने निबृत्तभरणमध्ये कुनै एक रोज्न सक्नेछ।"

६. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–

"७. पारिवारिक निबृत्तभरण र उपदानः (१) देहायका अवस्थामा देहायका अवधिसम्मको लागि प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो परिवारका सदस्यहरूमध्ये इच्छाएको व्यक्तिलाई र त्यस्तो इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी नइच्छाएकोमा निजको परिवारका सदस्यहरूमध्ये नजीकको हकदारलाई दफा ६ बमोजिमको निबृत्तभरण दिइनेछः–

(क) पदमा बहाल छँदै प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएमा मृत्यु भएदेखि सात वर्षसम्म,

(ख) दफा ६ बमोजिम निबृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सो सात वर्ष नपुगेको बाँकी अवधिसम्म।

(२) पदमा बहाल छँदै प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएमा दफा ६ बमोजिम निबृत्तभरण पाउने नभई उपदानसम्म पाउने रहेछ भने सो उपदानको रकम निजको परिवारका सदस्यहरूमध्ये उप-दफा (१) बमोजिमको व्यक्तिले पाउनेछ।"

७. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः–

"(४) प्रधान न्यायाधीश वा न्यायाधीशले प्रत्येक साल पन्ध्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउन सक्नेछ। त्यस्तो बिरामी बिदा नलिएको संचित हुँदै जानेछ र कुनै ठूलो र कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महीनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी बिदा लिइसकेपछि एक पटकमा थप चार महीनासम्म र सेवाको अवधिभरमा जम्मा बाह्र महीनामा नबढ्ने गरी बिना पारिश्रमिकको बिरामी बिदा पाउन सक्नेछ।

तर, त्यसरी पारिश्रमिक सहितको थप बिरामी बिदा लिंदा प्रत्येक दुई दिन थप बिरामी बिदा बापत एक दिनका दरले घर बिदा कट्टी गरिनेछ।"

८. मूल ऐनमा दफा ८ क. थपः मूल ऐनको दफा ८ पछि देहायको दफा ८ क. थपिएको छः–

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"८.क उपचार खर्चः (१) प्रधान न्यायाधीश वा न्यायाधीश बिरामी भई उपचार गराउँदा लागेको देहायको खर्चको नब्बे प्रतिशत निजले उपचार खर्च बापत पाउनेछः–

(क) अस्पतालमा भर्ना हुँदा र अस्पतालमा उपचार गराउँदा लागेको अस्पतालको बील बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेशक्रिप्शन बमोजिम खरीद गरेको औषधि खर्च ।

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भएपनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्थामा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, बैद्य वा हेल्थ असिष्टेन्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखी दिएको प्रेशक्रिप्शन अनुसार खरीद गरेको औषधि खर्च ।

(ग) प्लास्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सरजिकल अपरेशन) गर्दा लागेको बील बमोजिमको खर्च ।

तर, साधारणतया अस्पताल भएको ठाउँमा निजी नर्सिङ्ग होममा चिरफार गरेको खर्च भने दिइनेछैन ।

(घ) चस्मा, दाँत, एअरफोन आदि उपकरणको लागि श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकमको लागेको बील बमोजिमको खर्च ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा दुईसय रूपैयाँभन्दा घटी खर्च भएकोमा उपचार खर्च दिइनेछैन र कुल सेवा अवधिभर प्रधान न्यायाधीश वा न्यायाधीशले पाउने नौ महीनाको पारिश्रमिकभन्दा बढी रकमको उपचार खर्च दिइनेछैन ।

(३) नेपाल अधिराज्यभित्र औषधी उपचार हुन नसक्ने भनी श्री ५ को सरकारद्वारा नियुक्त चिकित्सकहरूको समितिले सिफारिश गरेको प्रधान न्यायाधीश वा न्यायाधीशले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई उप-दफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) यस दफा बमोजिम औषधी उपचार गराए बापत पाउने उपचार खर्च लिन नपाउँदै प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएमा दफा ७ बमोजिम निवृत्तभरण पाउने ठहरिएको व्यक्तिले सो उपचार खर्च लिन पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल ऐनमा दफा १० क. र १० ख. थपः मूल ऐनको दफा १० पछि देहायको दफा १० क. र १०. ख. थपिएका छन्:–

"१०क. थप सुविधाः (१) भैपरि आउने बिदा बाहेक अन्य कुनै पनि बिदा नलिई तीन वर्ष बिताइसकेको प्रधान न्यायाधीश वा न्यायाधीशले आफूले पकाएको घर बिदामा आफ्नो घर जाँदा र घरबाट फर्कंदा यो ऐनबमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ। तर परिवारका सदस्यले दैनिक तथा भ्रमण भत्ता पाउनेछैन।

(२) प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो पदबाट अवकाश प्राप्त गर्दा वा स्वीकृत गराई राजीनामा गर्दा निजको संचित रहेको घर बिदा र बिरामी बिदाको तलब निजले सो बखतमा खाई पाई राखेको तलबका दरले एकमुष्ठ पाउनेछ। बहाल छँदै मृत्यु भएकोमा पनि त्यस्तो तलब, निवृत्त-भरण वा उपदान पाउने निजको परिवारको सदस्यले पाउनेछ।

१०ख. बाटो म्यादः प्रधान न्यायाधीश वा न्यायाधीशले घर बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट सर्वोच्च अदालतमा हाजिर हुन आउँदा वर्षको एक पटक पैदलको बाटोलाई आठ कोषको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटोम्याद पाउने छ। तर घर बिदामा घर नगई अन्यत्र जान वा बस्नको निमित्त बाटो म्याद दिइने छैन। बाटो म्याद दिंदा सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइनेछ र आउँदा जाँदा वास्तविक लागेको दिनभन्दा बढी दिइने छैन।"

१०. खारेजीः मूल ऐनको दफा ३ क. खारेज गरिएको छ।

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

686

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।